कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिमको कामकारोवार गर्ने

# सगरमाथा फाइनान्स लिमिटेड

# Sagarmatha Finance Limited

(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त संस्था)

रजिष्टर्ड तथा केन्द्रिय कार्यालय : बाग्मती अञ्चल, ललितपुर जिल्ला
ललितपुर उपमहानगरपालिका-२०, मानभवन, ललितपुर
पो.ब.नं ८९७५, इ.पि.सि. २७९०, नेपाल
फोन नं. : ५५४७८४१, ५५३५१५८ फ्याक्स नं.५५३५४१९
E-mail: info@smb.com.np, Website : www.smb.com.np

को

## "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

हाल कायम चुक्ता पूँजी रु.३६,९२,९८,६३७/–को दश सेयर बराबर आठ सेयर (१० : ८) (अर्थात् विद्यमान १० कित्ता साधारण सेयर बराबर नयाँ ८ कित्ता साधारण सेयर) को अनुपातमा साविकका सेयरधनीहरुको लागि रु.२९,५४,३८,९००/– बराबरको प्रति सेयर रु.१००/–अंकित दरका २९,५४,३८९ कित्ता हकप्रद साधारण सेयर निष्काशन गर्नको लागि प्रकाशित ।

**दरखास्तसाथ प्रति साधारण सेयर रु.१००/– का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

### निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई **सगरमाथा फाइनान्स लिमिटेड** तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद सेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद सेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली,२०६५" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र **(Due Diligence Certificate)** प्रस्तुत गरेका छौं ।

धितोपत्रको लगानीमा हुन सक्ने जोखिम बारे लगानीकर्ता स्वयंले विचार गर्नु पर्नेछ । यस वित्तीय संस्थाले गर्ने काममा निहित सम्भावित आर्थिक जोखिमहरु बारे यस विवरणको दफा (२०) मा उल्लेख गरिएको छ ।

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०७३/७/२४ गते ।

**हकप्रद सेयर निष्काशन मिति २०७३/९/११ गते ।**

**हकप्रद सेयर निष्काशन बन्द हुने मिति २०७३/१०/१७ गते (बैंकिङ समय पश्चात्) ।**

## धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

NIBL CAPITAL

**एनआईविएल क्यापिटल मार्केट्स लिमिटेड**
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाण्डौं
फोन नं. ४००५०८०, फ्याक्स नं. ४००५०८४
URL: www.niblcapital.com, E-mail: info@niblcapital.com

**यो "हकप्रद सेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको Website: www.niblcapital.com, सगरमाथा फाइनान्स लिमिटेडको Website:smb.com.np र नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np बाट समेत हेर्न सक्नु हुनेछ ।**

## "हकप्रद सेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

२) **संगठित संस्थाको नाम :** सगरमाथा फाइनान्स लिमिटेड **(Sagarmatha Finance Ltd. )**

३) **संगठित संस्थाको रजिष्टर्ड कार्यालय :** यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालय ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका, वडा नं.२०, मानभवनमा रहेको छ ।

४) **कारोबार स्थान :** यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालय ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका, वडा नं.२०, मानभवनमा रहेकोछ । यसको अलावा वित्तीय संस्थाले विर्तामोडको भद्रपुर रोड, दमकको महेन्द्र राजमार्ग, धरानको भानुचोक, इटहरीको धरानरोड, विराटनगरको महेन्द्रचोक, सल्लेरीको सल्लेरीबजार, ललितपुरको गाबहाल, ओखलढुङ्गाको ओखलढुङ्गा बजार, भोजपुरको भोजपुर बजार र खोटाङ्गको दिक्तेल बजार स्थित आफ्नो शाखा कार्यालयहरु स्थापना गरी वित्तीय कारोवारहरु गर्दै आइरहेको छ । भविष्यमा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोवार गर्न सक्नेछ ।

५) **संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :** सगरमाथा फाइनान्स लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०५७/१/१६ गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै मिति २०६२/५/५ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त गरी मिति २०६२/५/१३ गते देखि वित्तीय संस्थाले आफ्नो वित्तीय कारोवार संचालन गरिरहेको छ । यस वित्तीय संस्थाका संस्थापकहरुमा बैंक/वित्तीय क्षेत्र, संयुक्त राष्ट्र संघ, अन्तराष्ट्रिय गैर सरकारी संस्था, बैदेशिक रोजगार, शैक्षिक क्षेत्र एवं व्यापार/व्यवसायको साथै ब्यबस्थापन क्षेत्रमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् । कम्पनीको प्रबन्धपत्रको तथा नियमावलीमा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय कारोबार (वित्तीय व्यवसाय) गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) वित्तीय संस्थाका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुऱ्याउने,

(ग) उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, संचालन, विकास, विस्तार एवम् प्रवर्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिवी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्याउने,

(घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने,

६) **सेयर पूँजीको संरचना :**

(क) **अधिकृत पूँजी :** यस वित्तीय संस्थाको अधिकृत पूँजी रु.१,००,००,००,०००/–(अक्षरेपी एक अर्व) रहेकोछ, जसलाई प्रति सेयर रु.१००/– का दरले जम्मा १,००,००,००० कित्ता साधारण सेयरमा विभाजन गरिएको छ ।

(ख) **जारी पूँजी :** यस वित्तीय संस्थाको जारी पूँजी रु.६६,४७,३७,६००/–(अक्षरेपी छैसाठी करोड सत्चालिस लाख सैंतिस हजार छ सय) रहेकोछ, जसलाई प्रति सेयर रु.१००/–का दरले जम्मा ६६,४७,३७६ कित्ता साधारण सेयरमा विभाजन गरिएको छ ।

(ग) **चुक्ता पूँजी :** यस वित्तीय संस्थाको चुक्ता पूँजी रु.३६,९२,९८,६३७/–(अक्षरेपी छत्तीस करोड बयान्नब्बे लाख अन्ठान्नब्बे हजार छ सय सैतिस) रहेकोछ, जसलाई प्रति सेयर रु.१००/–अंकित मूल्यका ३६,९२,९८६.३७ कित्ता साधारण सेयरमा विभाजन गरिएको छ । यस विवरण पत्र मार्फत हकप्रद सेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् वित्तीय संस्थाको चुक्ता पूँजी रु. ६६,४७,३७,५३७/–(अक्षरेपी छैसाठी करोड सत्चालिस लाख सैंतिस हजार पाँच सय सैतिस) हुनेछ ।

७) **हकप्रद सेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात् संगठित संस्थाको चुक्ता पूंजीको स्थिति :**

हकप्रद सेयर निष्काशन गर्नुपूर्व वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना :

| समूह | सेयरधनीहरु | सेयर कित्ता | पूँजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| (क) | संस्थापक | १९,४०,७४३.५३ | ५२.५५% | १९,४०,७४,३५३/– | शतप्रतिशत |
| (ख) | सर्वसाधारण (कर्मचारीहरु समेत) | १७,५२,२४२.८४ | ४७.४५% | १७,५२,२४,२८४/– | शतप्रतिशत |
| | **जम्मा** | **३६,९२,९८६.३७** | **१००%** | **३६,९२,९८,६३७/–** | |

हकप्रद सेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात हुने वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना :

| समूह | सेयरधनीहरु | सेयर कित्ता | पूँजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| (क) | संस्थापक | ३४,९३,३३८.३६ | ५२.५५% | ३४,९३,३३,८३६/– | शतप्रतिशत |
| (ख) | सर्वसाधारण (कर्मचारीहरु समेत) | ३१,५४,०३७.०१ | ४७.४५% | ३१,५४,०३,७०१/– | शतप्रतिशत |
| | **जम्मा** | **६६,४७,३७५.३७** | **१००%** | **६६,४७,३७,५३७/–** | |

८) हालका सेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको सेयर संख्या तथा संस्थागत संस्थापकहरुको हकमा उक्त संस्थाको संचालकहरुको नाम तथा ठेगाना (प्राकृतिक ब्यक्ति नखुले सम्म) :

| क्र.सं. | नाम | ठेगाना | सेयर संख्या | चुक्ता रकम रु. | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | श्री गोकर्ण राई | का.म.न.पा.वडा नं.१६ | २०५८१६ | २०,५८१,६००.०० | शत् प्रतिशत |
| २ | श्री जसे राई | का.म.न.पा.वडा नं.४ | ३६९१६ | ३६,९१,६००.०० | शत् प्रतिशत |
| ३ | श्रीमती शान्ती कुमारी राई | का.म.न.पा.वडा नं.३४ | १०७५९३ | १०,७५९,३००.०० | शत् प्रतिशत |
| ४ | श्री वाल कुमार राई | का.म.न.पा.वडा नं.४ | २५८४० | २,५८४,०००.०० | शत् प्रतिशत |
| ५ | मे. श्री बाल कृष्ण राई | का.म.न.पा.वडा नं.३ | ५९९९१ | ५,९९९,१००.०० | शत् प्रतिशत |
| ६ | श्री मदन कुमार राई | सुनाकोठी गा.वि.स.९, ललितपुर | ७३८३५ | ७,३८३,५००.०० | शत् प्रतिशत |
| ७ | श्री यस बहादुर राई | का.म.न.पा.वडा नं.४ | ३८७६३ | ३,८७६,३००.०० | शत् प्रतिशत |
| ८ | श्री ध्रुव कुमार राई | का.म.न.पा.वडा नं.२९ | ८४५२३ | ८,४५२,३००.०० | शत् प्रतिशत |
| ९ | श्री पूर्ण दास राई | का.म.न.पा.वडा नं.२९ | ४६१४६ | ४,६१४,६००.०० | शत् प्रतिशत |
| १० | श्रीमती खीम कला राई | सुनाकोठी गा.वि.स.८, ललितपुर | ८५५८३ | ८,५५८,३००.०० | शत् प्रतिशत |
| ११ | श्रीमती कृष्ण कुमारी राई | ल.पु.उ.म.न.पा.वडा नं.५ | ५७९०६ | ५,७९०,६००.०० | शत् प्रतिशत |
| १२ | श्री राम कुमार राई | का.म.न.पा..वडा नं.३४ | ४१५३२ | ४,१५३,२००.०० | शत् प्रतिशत |
| १३ | श्रीमती चन्द्र कुमारी राई | ल.पु.उ.म.न.पा.वडा नं.५ | १८२४८ | १,८२४,८००.०० | शत् प्रतिशत |
| १४ | श्री अशोक कुमार राई | का.म.न.पा.वडा नं.४ | ३६९१६ | ३,६९१,६००.०० | शत् प्रतिशत |
| १५ | श्री शंत बहादुर राई | ल.पु.उ.म.न.पा.वडा नं.९ | २७६८८ | २,७६८,८००.०० | शत् प्रतिशत |
| १६ | श्री तेज बहादुर राई | का.म.न.पा.वडा नं.४ | ११०७२ | १,१०७,२००.०० | शत् प्रतिशत |
| १७ | श्री शिर वीर राई | महांकाल गा.वि.स.५,काठमाण्डौं | ९२२८ | ९२२,८००.०० | शत् प्रतिशत |
| १८ | श्री सोवित मान राई | विष्णु गा.वि.स.९, काठमाण्डौं | ९२२८ | ९२२,८००.०० | शत् प्रतिशत |
| १९ | श्री शरण देव राई | का.म.न.पा.वडा नं.३४ | २३०७१ | २,३०७,१००.०० | शत् प्रतिशत |
| २० | श्री धन राज राई | म.न.पा.वडा नं.१७, भक्तपुर | १८०३९ | १,८०३,९००.०० | शत् प्रतिशत |
| २१ | श्रीमती गंगा माया राई | धापासी गा.वि.स.१, काठमाण्डौं | २५१४७ | २,५१४,७००.०० | शत् प्रतिशत |
| २२ | श्रीमती सीता माया राई | का.म.न.पा.वडा नं.२ | २८८४० | २,८८४,०००.०० | शत् प्रतिशत |
| २३ | श्री प्रदीप राई | का.म.न.पा.वडा नं.४ | २५८४० | २,५८४,०००.०० | शत् प्रतिशत |
| २४ | श्रीमती विमला राई | का.म.न.पा.वडा नं.४ | ३३५६० | ३,३५६,०००.०० | शत् प्रतिशत |
| २५ | श्रीमती जिवन कला राई | ल.पु.उ.म.न.पा.वडा नं.१४ | २३०७१ | २,३०७,१००.०० | शत् प्रतिशत |
| २६ | सुश्री मुगा माया राई | का.म.न.पा.वडा नं.३४ | ७३८१ | ७३८,१००.०० | शत् प्रतिशत |
| २७ | श्री मन बहादुर राई, | ल.पु.उ.म.न.पा.वडा नं.४ | ९२७२६ | ९,२७२,६००.०० | शत् प्रतिशत |
| २८ | श्री पांच वीर राई | का.म.न.पा.वडा नं.३४ | ७३८१ | ७३८,१००.०० | शत् प्रतिशत |
| २९ | श्री केराई सिं राई | खड्ग भद्रकाली १, काठमाण्डौं | १८४५८ | १,८४५,८००.०० | शत् प्रतिशत |
| ३० | श्री रविन्द्र कुमार राई | ल.पु.उ.म.न.पा.वडा नं.१४ | ११०७२ | १,१०७,२००.०० | शत् प्रतिशत |
| ३१ | श्रीमती निलिमा श्रेष्ठ (राई) | ल.पु.उ.म.न.पा.वडा नं.४ | ९२२८ | ९२२,८००.०० | शत् प्रतिशत |
| ३२ | श्री सर्वधन राई | का.म.न.पा.वडा नं.३४ | १३८४२ | १,३८४,२००.०० | शत् प्रतिशत |
| ३३ | श्री जगदिश राई | किटिनी गा.वि.स.१, ललितपुर | ५५३६ | ५५३,६००.०० | शत् प्रतिशत |
| ३४ | श्री कृष्णमणी राई | का.म.न.पा. वडा नं.४ | १३८४२ | १,३८४,२००.०० | शत् प्रतिशत |
| ३५ | श्री जीतपाल किरात | ल.पु.उ.म.न.पा.वडा नं.५ | ४०१५ | ४०१,५००.०० | शत् प्रतिशत |
| ३६ | श्री डाक मान राई | का.म.न.पा.वडा नं.३४ | ५५३६ | ५५३,६००.०० | शत् प्रतिशत |
| ३७ | श्री दिल बहादुर राई | का.म.न.पा.वडा नं.३४ | ५५३६ | ५५३,६००.०० | शत् प्रतिशत |
| ३८ | श्री रुद्र बहादुर राई | का.म.न.पा.वडा नं.२९ | २१४९८ | २,१४९,८००.०० | शत् प्रतिशत |
| ३९ | श्री बागमनी राई | का.म.न.पा.वडा नं.४ | ५५३६ | ५५३,६००.०० | शत् प्रतिशत |
| ४० | श्री कुल रत्न राई | धापासी गा.वि.स.८, काठमाण्डौं | १३८४२ | १,३८४,२००.०० | शत् प्रतिशत |
| ४१ | श्री तेज बहादुर राई | का.म.न.पा.वडा नं.२९ | १३८४२ | १,३८४,२००.०० | शत् प्रतिशत |
| ४२ | श्री धन बहादुर राई | का.म.न.पा.वडा नं.२९ | ५५३६ | ५५३,६००.०० | शत् प्रतिशत |
| ४३ | श्री सरोज राई | ल.पु.म.न.पा. वडा नं.१ | १८३५१ | १,८३५,१००.०० | शत् प्रतिशत |
| ४४ | श्री शान्त कुमार राई | सैंबु गा.वि.स.४, ललितपुर | १८४३ | १८४,३००.०० | शत् प्रतिशत |
| ४५ | श्री उमेश चन्द्र राई | ल.पु.उ.म.न.पा.वडा नं.१५ | १३८४२ | १,३८४,२००.०० | शत् प्रतिशत |
| ४६ | श्रीमती ईश्वरी थापा (राई) | का.म.न.पा.वडा नं.४ | १३८३ | १३८,३००.०० | शत् प्रतिशत |
| ४७ | सुश्री निर्जना राई | ल.पु.उ.म.न.पा.वडा नं.४ | ४५९ | ४५९,००.०० | शत् प्रतिशत |
| ४८ | श्रीमती पुजा राई | ल.पु.उ.म.न.पा.वडा नं.१५ | १८३ | १८,३००.०० | शत् प्रतिशत |

| | | | | | |
|---|---|---|---|---|---|
| ४९ | श्रीमती नीरा रसिक राई | का.म.न.पा.वडा नं.५ | ४५९ | ४५९,००.०० | शत् प्रतिशत |
| ५० | श्रीमती ममता राई | ल.पु.उ.म.न.पा.वडा नं.१९ | ४३५४ | ४३५,४००.०० | शत् प्रतिशत |
| ५१ | श्रीमती बिना कुमारी लिम्बु (राई) | ल.पु.उ.म.न.पा.वडा नं.१४ | १८३ | १८,३००.०० | शत् प्रतिशत |
| ५२ | श्री भक्त बहादुर राई | का.म.न.पा.वडा नं.१० | १८३ | १८,३००.०० | शत् प्रतिशत |
| ५३ | श्री मदन कुमार देवान | का.म.न.पा.वडा नं.७ | १८३ | १८,३००.०० | शत् प्रतिशत |
| ५४ | श्री अशोक कुमार राई | का.म.न.पा.वडा नं.३२ | २८८३ | २८८,३००.०० | शत् प्रतिशत |
| ५५ | श्री प्रेम सिंह राई | गोंगवु वडा नं.८, काठमाण्डौ | ५९९६ | ५९९,६००.०० | शत् प्रतिशत |
| ५६ | श्री पुर्ण प्रसाद राई | का.म.न.पा.वडा नं.४ | ५६३ | ५६,३००.०० | शत् प्रतिशत |
| ५७ | श्री दान बहादुर राई | ल.पु.उ.म.न.पा.वडा नं.३ | १८३ | १८,३००.०० | शत् प्रतिशत |
| ५८ | श्री आनन्द कुमार सुब्बा | का.म.न.पा. वडा नं.२९ | ४६२७ | ४६२,७००.०० | शत् प्रतिशत |
| ५९ | श्री प्रकाश चन्द्र मुखिया सुनुवार | का.म.न.पा. वडा नं.१० | १८३ | १८,३००.०० | शत् प्रतिशत |
| ६० | श्री उद्धव प्रसाद राई | ल.पु.उ.म.न.पा.वडा नं.१४ | १८४५८ | १,८४५,८००.०० | शत् प्रतिशत |
| ६१ | श्री राज बहादुर राई | ल.पु.उ.म.न.पा.वडा नं. ४ | १८९४६ | १,८९४,६००.०० | शत् प्रतिशत |
| ६२ | श्रीमती डुका माया राई | रुम्झाटार - ५,ओखलढुङ्गा | १३८३ | १३८,३००.०० | शत् प्रतिशत |
| ६३ | श्रीमती निर कुमारी राई | ओखलढुङ्गा | ६९८ | ६९,८००.०० | शत् प्रतिशत |
| ६४ | श्री रामकाजी राई | सोलुखुम्बु | ४६१३ | ४६१,३००.०० | शत् प्रतिशत |
| ६५ | सुश्री सुजाता राई | वडिखेल - ९, ललितपुर | ४१९३ | ४१९,३००.०० | शत् प्रतिशत |
| ६६ | श्री रोशन राई | भोजपुर - ५ | ९७८८ | ९७८,८००.०० | शत् प्रतिशत |
| ६७ | श्रीमती सुमाया कुमारी राई | काठमाण्डौ - ३२ | ४१९३ | ४१९,३००.०० | शत् प्रतिशत |
| ६८ | श्री केशव कुमार राई | सोलुखुम्बु - ६ | ४१९३ | ४१९,३००.०० | शत् प्रतिशत |
| ६९ | श्री बद्री प्रसाद पाठक | चितवन - १ | २१६७३ | २,१६७,३००.०० | शत् प्रतिशत |
| ७० | डा. नोबल किशोर राई | ललितपुर -४ | ५२१३ | ५२१,३००.०० | शत् प्रतिशत |
| ७१ | श्री मोतीलाल शिल्पकार | ललितपुर - ५, लोकेश्वर टोल | ६६००३ | ६,६००,३००.०० | शत् प्रतिशत |
| ७२ | श्री महेश राजकर्णिकार | काठमाण्डौ - १३, ताहाचाल | ९४९३९ | ९,४९३,९००.०० | शत् प्रतिशत |
| ७३ | श्री मणि राजकर्णिकार | ललितपुर, प्रयागपोखरी | १५९९३ | १,५९९,३००.०० | शत् प्रतिशत |
| ७४ | श्री पुष्प राज राजकर्णिकार | ललितपुर - १९, तौगल | ३८२३ | ३८२,३००.०० | शत् प्रतिशत |
| ७५ | श्री उत्तम राजकर्णिकार | काठमाण्डौ - १८ | २२९३ | २२९,३००.०० | शत् प्रतिशत |
| ७६ | श्री देव बहादुर राजकर्णिकार | लालितपुर - १२, प्रयागपोखरी | ८९४० | ८९४,०००.०० | शत् प्रतिशत |
| ७७ | श्री बिजय रत्न तुलाधर | कााठमाण्डौ - २, लाजिम्पाट | ३०९३ | ३०९,३००.०० | शत् प्रतिशत |
| ७८ | श्रीमती अञ्जना शिल्पकार | ललितपुर - ५, लोकेश्वर टोल | ४०८४ | ४०८,४००.०० | शत् प्रतिशत |
| ७९ | श्रीमती अञ्जना प्रधान | काठमाण्डौ - १३, ताहाचल | ३०० | ३०,०००.०० | शत् प्रतिशत |
| ८० | श्री सुरज शाक्य | ललितपुर - ३, पुल्चोक | ६८५५१ | ६,८५५,१००.०० | शत् प्रतिशत |
| ८१ | श्री उत्तम लाल शाही श्रेष्ठ | ललितपुर - २१ | १२७४ | १२७,४००.०० | शत् प्रतिशत |
| ८२ | श्री एकलाल राजकर्णिकार | काठमाण्डौ - १३, ताहाचल | ४०५५३ | ४,०५५,३००.०० | शत् प्रतिशत |
| ८३ | श्रीमती शारदा महर्जन | ललितपुर | २०८४२ | २,०८४,२००.०० | शत् प्रतिशत |
| ८४ | श्री हरि कुमार श्रेष्ठ | काठमाण्डौ - ७ | १२७४ | १२७,४००.०० | शत् प्रतिशत |
| ८५ | श्री पौरष नन्द बज्रचार्य | ललितपुर - १८ | ३१९०९ | ३,१९०,९००.०० | शत् प्रतिशत |
| ८६ | श्री रत्न प्रकाश तुलाधर | काठमाण्डौ - ४ | १२९४५ | १,२९४,५००.०० | शत् प्रतिशत |
| ८७ | श्री राजेश कुमार श्रेष्ठ | ललितपुर - ३ | ४२०५ | ४२०,५००.०० | शत् प्रतिशत |
| ८८ | श्री दिपक शाक्य | ललितपुर - ६ | १२७४ | १२७,४००.०० | शत् प्रतिशत |
| | जम्मा संस्थापक समूह "क" | | १९४०७४३.५३ | १९४,०७४,३५३.०० | |
| | जम्मा सर्वसाधारण समूह "ख" | | १७५२२४२.८४ | १७५,२२४,२८४.०० | |
| | **जम्मा (क+ ख)** | | **३६,९२,९८६.३७** | **३६९,२९८,६३७.००** | |

**९) निष्काशन गरिने हकप्रद सेयरको संख्या र त्यसको अनुपात :**

यस वित्तीय संस्थाको हाल कायम चुक्ता कुल साधारण सेयर संख्या ३६,९२,९८६.३७ कित्ताको दश सेयर बराबर आठ सेयर (१०:८) को अनुपातमा (अर्थात् हाल कायम १० कित्ता साधारण सेयर बराबर नयाँ ८ कित्ता साधारण सेयरका दरले) प्रति सेयर रु.१००/–का दरले जम्मा २९,५४,३८९ कित्ता हकप्रद साधारण सेयर निष्काशन गरिनेछ ।

१०) **हकप्रद सेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

हकप्रद सेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय :

वित्तीय संस्थाको चुक्ता पूँजी रु.३१,८७,७३,१००/– मा १५.८५ प्रतिशतका दरले हुन आउने बोनस सेयर बापत रु.५,०५,२५,५३७/– वितरण पश्चात कायम हुन आउने चुक्ता पूँजी रु.३६,९२,९८,६३७/– को १०:८ (दश सेयर बराबर आठ सेयर) का दरले रु.२९,५४,३८,९००/– बराबरको हकप्रद सेयर जारी गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

साधारण सभा सम्पन्न भएको मिति : **२०७३/३/३ गते ।**

११) **संचालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :**

वित्तीय संस्थाको संचालक समितिमा हाल देहाय बमोजिमका संचालकहरुले प्रतिनिधित्व गर्नु भएको छ ।

**संचालकहरुको विवरण :**

| सि.नं. | नाम, ठेगाना | पद | उमेर (बर्ष) | राष्ट्रियता | सेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | प्रस्तावित ब्यापार/ब्यबसायमा अनुभव |
|---|---|---|---|---|---|---|---|
| १. | श्री मदन कुमार राई, सुनाकोठी गा.वि.स.९, ललितपुर । (संस्थापक समूह) | अध्यक्ष | ६७ | नेपाली | ८३१८९ | एम.एस.सि/ एम.ए. | संयुक्त राष्ट्र संघमा ११ वर्षको अनुभव, साथै कृषि र समाज सेवामा ३० वर्ष भन्दा लामो अनुभव । |
| २. | श्री शरणदेव राई, का.म.न.पा.३४ (संस्थापक समूह) | संचालक | ५२ | नेपाली | २५९९६ | वि.कम. | नेपाल वायुसेवा निगममा २३ वर्षको अनुभव । |
| ३. | श्री रुद्र बहादुर राई का.म.न.पा.२९ (संस्थापक समूह) | संचालक | ४७ | नेपाली | २४२२४ | वि. ए. | कार्गो तथा कुरियर व्यवसायमा २२ वर्षको अनुभव । |
| ४. | श्री मणि राजकर्णिकार महापाल १८ ललितपुर (संस्थापक समूह) | संचालक | ५० | नेपाली | १५९९३ | एस.एल.सी. | क्याटरिङ व्यवसायमा १५ वर्षको अनुभव । |
| ५. | श्री माओ राई किरात का.म.न.पा.७ (सर्वसाधारण समूह) | संचालक | ५४ | नेपाली | ४४१८ | एस.एल.सी. | बीमा व्यवसायमा नेपाल मेट लाईफको एजेन्सी । म्यानेजर सहित १७ वर्षको अनुभव । |
| ६. | श्री दिनेश राई, पथरी १, मोरङ (सर्वसाधारण समूह) | संचालक | ५० | नेपाली | ९०२ | पि.जि.वि.एम. (लन्डन) एम.बि.एस. | प्राध्यापन एवं व्यवस्थापकिय क्षेत्रमा ६ वर्षको अनुभव । |
| ७. | श्रीमती नानी बाबा रिसाल बखुण्डोल १, ललितपुर । | ब्यबसायिक संचालक | ७२ | नेपाली | - | एम.ए. (अर्थशास्त्र) | नेपाल राष्ट्र बैकमा ३३ बर्षको अनुभव, विशिष्ट श्रेणीबाट सेवा निवृत्त |

**वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरण :**

यस वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको पदमा ल.पु.उ.म.न.पा.वडा नं.४ निवासी श्री मन बहादुर राई यस संस्थामा विगत १२ वर्ष देखि कार्यरत हुनुहुन्छ । बैकिङ्गमा एम.बि.ए. गर्नु भएका नीजले यस अघि गृहिणि डिपार्टमेन्टल स्टोर लिमिटेडमा ३ वर्ष, नेटेक्स प्रा.लि. (टेक्सटाइल उद्योग) मा ४ वर्ष, एस.डि.बि. ब्रिक एण्ड टायल इण्डष्ट्रिज प्रा.लि. मा ३ वर्ष, वि.पि.एफ.यू.एम.एन. (कृषि वन आयोजना) मा १ वर्ष, तारागाँउ विकास समिति (नेपाल सरकारको पूर्ण स्वामित्व रहेको संस्था) मा ५ वर्ष र लक्ष्मी मानन्धर टेक्सटाइलमा २ वर्षको कार्य अनुभव हासिल गर्नु भएको छ ।

१२) **संचालक समितिको बनौट :**

वित्तीय संस्थाको नियमावलीमा भएको व्यवस्था अनुसार ७ (सात) जना संचालकहरु रहेको संचालक समिति देहाय बमोजिम गठन हुनेछ :

| | |
|---|---|
| "क" समूहका संस्थापक सेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु | ४ जना |
| "ख" समूहका सर्वसाधारण सेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु | २ जना |
| नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञबाट मनोनित संचालक | १ जना |
| **जम्मा** | **७ जना** |

**१३) लिनुपर्ने न्यूनतम सेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :**

हकप्रद सेयर निष्काशन प्रयोजनको लागि वित्तीय संस्थाले हकप्रद सेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति सम्ममा सेयर खरिद गरी कायम भएका साविक सेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण सेयरको दश सेयर बराबर आठ सेयर (१० : ८) को अनुपातमा प्रति सेयर रु.१००/–का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन् । यदि कुनै सेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद सेयर खरिदका लागि आवेदन दिंदा खण्डित सेयर (Fraction Share) मा सेयर संख्या पर्न आएमा माथिल्लो नजिकको सेयर कित्ताको लागि आवेदन दिन सक्नेछ । यसरी माथिल्लो सेयर कित्ताको लागि आवेदन दिने सेयरधनीहरुको हकमा यस हकप्रद सेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको सेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ । यदि यस हकप्रद सेयरको लागि निष्काशन गरिएको सम्पूर्ण सेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई वित्तीय संस्थाको संचालक समितिले माथिल्लो सेयर कित्ता माग गरी दरखास्त दिने सेयरधनीहरुलाई हकप्रद सेयर बाँडफाँट गरिनेछ । यस विवरण मार्फत निष्काशन गरिने हकप्रद सेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद सेयरको लागि दरखास्त दिन पाइने छैन । तर साविक सेयरधनीले आफ्नो कायम हक भन्दा कम हकप्रद सेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद सेयर खरिदका लागि आवेदन दिने सेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद सेयर बाँडफाँट गरिनेछ ।

**१४) साविकका सेयरधनीहरुले हकप्रद सेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका सेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :**

साविकका सेयरधनीहरुले हकप्रद सेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका सेयरहरुको सम्बन्धमा “धितोपत्र निष्काशन निर्देशिका, २०६५” मा भएको व्यवस्था अनुसार संचालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तै : शिलबन्दी बोलपत्रद्धारा लिलाम बढाबढ) बाट बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ ।

**१५) हकप्रद सेयरको अनुपात भन्दा बढी सेयर खरिद गर्न पाउने/नपाउने व्यवस्था :**

यस हकप्रद सेयरको अनुपात भन्दा बढी सेयर खरिद गर्न पाउने छैन । तर कुनै सेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद सेयर खरिदका लागि आवेदन दिंदा खण्डित सेयर (Fraction Share) मा सेयर संख्या पर्न आएमा नजिकको माथिल्लो सेयर कित्ताको लागि आवेदन दिन सक्नेछ । यसरी माथिल्लो सेयर कित्ताको लागि आवेदन दिने सेयरधनीहरुको हकमा यस हकप्रद सेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको सेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ । यदि यस हकप्रद सेयरको लागि निष्काशन गरिएको सम्पूर्ण सेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई वित्तीय संस्थाको संचालक समितिले माथिल्लो सेयर कित्ता माग गरी दरखास्त दिने सेयरधनीहरुलाई हकप्रद सेयर बाँडफाँट गरिनेछ । यस विवरण मार्फत निष्काशन गरिने हकप्रद सेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद सेयरको लागि दरखास्त दिन पाइने छैन । तर साविक सेयरधनीले आफ्नो कायम हक भन्दा कम हकप्रद सेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद सेयर खरिदका लागि आवेदन दिने सेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद सेयर बाँडफाँड गरिनेछ ।

**१६) संगठित संस्थाको संचालन अवधि तीन वर्ष व्यतित भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतित भै नसकेको अवस्थामा संचालन अवधिको वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा) तथा आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरण साथै प्रक्षेपित प्रति सेयर आम्दानी (EPS), प्रति सेयर नेटवर्थ, नेटवर्थमा प्रतिफल र निष्काशन पूर्वको प्रति सेयर आम्दानी कायम राख्न वृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल :**

(क) विगतको तथा आगामी ३ बर्षको प्रक्षेपित वित्तीय विवरण निम्न अनुसार रहेको छ :

**वासलात**

| पूँजी तथा दायित्व | वास्तविक (रु.हजारमा) | | | | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०६९/०७० | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | *आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ |
| १. सेयर पूँजी | १६५,००० | २५९,१२३ | ३६९,२९९ | ३६९,२९९ | ७७५,५२८ | ८६८,५९१ | ८६८,५९१ |
| २. जगेडा तथा कोषहरु | २९,१७९ | ३२,७८४ | ८०,७०४ | २७४,७३७ | १६९,४४२ | २७२,८६३ | ४७५,३४४ |
| ३. ऋणपत्र तथा बण्ड | – | – | – | – | – | – | – |
| ४. तिर्न बाँकी कर्जा सापट | – | – | – | – | – | – | – |
| ५. निक्षेप दायित्व | १,५७७,७२० | १,७९७,५३४ | २,४७७,७४२ | ३,१०२,१८३ | ५,०००,००० | ५,९३१,९३३ | ७,०४३,४४७ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | – | ३६६ | ७९४ | ६९३ | – | – | – |
| ७.प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | – | ३,६७५ | – | – | – | – | – |
| ८. आयकर दायित्व | – | २,५३५ | – | – | – | – | – |
| ९. अन्य दायित्व | ३६,५९० | २८,४२७ | १००,११३ | ८५,०६१ | १२७,५९२ | १४०,३५१ | १५४,३८६ |
| **कुल पूँजी तथा दायित्व** | १,८०८,४८९ | २१,२४,४४४ | ३,०२८,६५१ | ३,८३१,९७३ | ६,०७२,५६१ | ७,२१३,७३८ | ८,५४१,७६८ |

| सम्पत्ति | वास्तविक (रु.हजारमा) | | | | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०६९/०७० | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | *आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ |
| १. नगद मौज्दात | १८,७२८ | २२,०४५ | २३,००६ | १९,९३४ | २६,६७९ | २२२,३७८ | ४८९,४०३ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ४०,४६८ | ४२,८२७ | ८०,७८२ | १२३,३८२ | २२५,००० | ३२६,२५० | ३५८,८७५ |
| ३. बैक/बित्तीय संस्थामा रहेको मौज्दात | १५,१५५ | १९,७१५ | ३३,३७३ | ४४,५६६ | ६२,३९२ | ७४,८७१ | ८९,८४५ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | ३४०,२०३ | ४१२,८९० | ५५८,६८० | ५७६,३४२ | ८०६,८७८ | १,१२९,६३० | १,५८१,४८२ |
| ५. लगानी | ११४,११७ | १३४,४८३ | २४९,५७८ | ३८२,७४२ | ३६०,८३१ | ४१०,४२१ | ४६७,६७९ |
| ६. कर्जा सापट तथा बिल खरिद | १,१९६,७९९ | १,४४०,४९९ | १,९८६,०२६ | २,४८४,०११ | ४,३४८,४९९ | ४,७८३,३४९ | ५,२६१,६८३ |
| ७. स्थिर सम्पत्ति | १७,६८३ | १६,०९७ | २०,९०६ | २८,४८७ | ३१,३५९ | ३७,६३१ | ४१,३९४ |
| ८. गैर बैंकिङ्क सम्पत्ति | - | - | - | - | - | - | - |
| ९. अन्य सम्पत्ति | ६५,३३७ | ३५,८८८ | ७६,३०० | १७२,५११ | २१०,९२२ | २२९,२०९ | २५१,४०८ |
| **कुल सम्पत्ति** | **१,८०८,४८९** | **२१,२४,४४४** | **३,०२८,६५१** | **३,८३१,९७३** | **६,०७२,५६१** | **७,२१३,७३८** | **८,५४१,७६८** |

## नाफा नोक्सान हिसाव

| विवरण | वास्तविक (रु. हजारमा) | | | | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०६९/०७० | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | *आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ |
| १. व्याज आम्दानी | २१०,८६५ | २३८,६९१ | २७६,७९९ | ३२४,५४२ | ५०८,२६९ | ७२९,६८१ | ८०२,६४९ |
| २. व्याज खर्च | १५२,३९१ | १४९,६८५ | १५६,८४३ | १८७,७३१ | २६१,७२१ | ३८२,६१८ | ४५४,१३८ |
| **खुद ब्याज आम्दानी** | **५८,४७४** | **८९,००५** | **११९,९५७** | **१३६,८११** | **२४६,५४८** | **३४७,०६३** | **३४८,५१०** |
| ३. कमिशन तथा डिस्काउण्ट | २,३५५ | ३,५१९ | १,१७२ | १,६३६ | ३,२७१ | ४,२५३ | ५,१०३ |
| ४. अन्य संचालन आम्दानी | १५,०१५ | १६,८०४ | १८,९२५ | २९,४३६ | ३०,७१८ | ३९,४९६ | ४६,८७० |
| ५. सटही घटबढ आम्दानी | - | - | - | - | - | - | - |
| **कुल संचालन आम्दानी** | **७५,८४४** | **१०९,३२८** | **१४०,०५४** | **१६७,८८२** | **२८०,५३७** | **३९०,८१२** | **४००,४८३** |
| ६. कर्मचारी खर्च | १९,२६७ | २२,२७२ | २६,७४३ | ३५,४०४ | ४९,५६६ | ५७,००१ | ५९,८५१ |
| ७. अन्य संचालन खर्च | १७,१२७ | १९,९२७ | २२,८५२ | ३१,९६० | ५२,४५४ | ६२,४४६ | ६३,५८३ |
| ८. सटही घटबढ नोक्सान | | - | - | - | - | - | - |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | **३९,४५०** | **६७,१२९** | **९०,४५९** | **१००,५१८** | **१७८,५१७** | **२७१,३६४** | **२७७,०४९** |
| ९.सम्भावित नोक्सानी व्यवस्थाहरु | ५१,०८२ | ८,८३० | १५,१५४ | २,९३७ | ४२,११९ | १५,३६२ | १६,८९८ |
| **संचालन मुनाफा/(नोक्सान)** | **(११,६३३)** | **५८,२९९** | **७५,३०५** | **९७,५८१** | **१३६,३९७** | **२५६,००२** | **२६०,१५१** |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | १८,९८७ | ३८,८२७ | ३,३०६ | १०२,६५२ | ४१,०६१ | ४७,२२० | ५१,९४२ |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | ३,९०० | १७,९७४ | ४६,२९१ | १७,५८१ | ५,२७४ | ५,५३८ | ६,०९२ |
| **नियमित कारोबारबाट भएको मुनाफा** | **११,२५४** | **११५,१०१** | **१२४,९०२** | **२१७,८१४** | **१८२,७३३** | **३०८,७६०** | **३१८,१८५** |
| १२.असामान्य कारोबारबाट भएको मुनाफा/(खर्च) | (४,९७१) | २,५०८ | ४,३०९ | १ | - | - | - |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | | - | - | - | - | - | - |
| **सम्पूर्ण कारोबार समावेश पछिको खुद नाफा** | **६,२८३** | **११७,६०८** | **१२९,२११** | **२१७,८१५** | **१८२,७३३** | **३०८,७६०** | **३१८,१८५** |
| १३.कर्मचारी बोनस व्यवस्था | ५७१ | १०,६९२ | ११,७४६ | १९,८६३ | १६,६१२ | २८,०६९ | २८,९२६ |
| १४.आयकर ब्यबस्था | *२,६६५* | *३२,३६४* | *३४,६५०* | *५९,३८६* | *४९,८३६* | *८४,२०७* | *८६,७७८* |
| यस वर्षको | २,९६९ | ३२,०५३ | २५,०३१ | ५९,३८६ | ४९,८३६ | ८४,२०७ | ८६,७७८ |
| गत वर्षको | ९२ | - | १,३१३ | - | - | - | - |
| पर सारिएको आयकर आम्दानी/(खर्च) | (३९६) | ३११ | ८,३०६ | - | - | - | - |
| **खुद मुनाफा/(नोक्सान)** | **३,०४७** | **७४,५५३** | **८२,८१५** | **१३८,५६६** | **११६,२८४** | **१९६,४८४** | **२०२,४८१** |
| सेयर संख्या (हजारमा) | १,६५० | १,८३९ | ३,१८८ | ३,६९३ | ७,७५५ | ८,६८६ | ८,६८६ |
| प्रति सेयर आम्दानी (रु.) | १.८५ | ४०.५४ | २५.९८ | ३७.५२ | १४.९९ | २२.६२ | २३.३१ |

**नोट : आ.ब.०७२/०७३ को वित्तीय विवरणहरु लेखापरिक्षण हुन बाँकी तर ब्यबस्थापनबाट प्रमाणित वित्तीय विवरणहरु हुन ।**

| वित्तीय प्रक्षेपणका आधार तथा तरिका : | | | |
|---|---|---|---|
| विवरण | आ.ब.०७३/०७४ | आ.ब.०७४/०७५ | आ.ब.०७५/०७६ |
| १.कुल निक्षेपमा औषत बृद्धिदर (प्रतिशतमा) | ६१.१८% | १८.६४% | १८.७४% |
| २.कुल कर्जा तथा सापटमा औषत बृद्धिदर (प्रतिशतमा) | ७५.०६% | १०.००% | १०.००% |
| ३.कुल कर्जा तथा निक्षेप + पूँजिकोष अनुपात (प्रतिशतमा) | ७५.६९% | ६९.९८% | ६४.९२% |
| ४.कुल आयमा औषत बृद्धिदर | १५२.४९% | १४२.६३% | ११०.५०% |
| ५.कुल खर्चमा औषत बृद्धिदर | १५७.२९% | १२७.४९% | ११४.८९% |
| ६.संचालन खर्च तथा कुल आम्दानी अनुपात | १८.८१% | १५.४४% | १४.४४% |
| ७.खुद मुनाफामा औषत बृद्धिदर | -१६.०८% | ६८.९७% | ३.०५% |
| ८.निक्षेपको औषत ब्याजदर (प्रतिशतमा) | ७.००% | ७.००% | ७.००% |
| ९.कर्जा तथा सापटको औषत ब्याजदर(प्रतिशतमा) | १५.००% | १५.००% | १५.००% |
| १०.आयकर व्यवस्था (प्रतिशतमा) | ३०.००% | ३०.००% | ३०.००% |
| ११.अनिवार्य नगद अनुपात (CRR) | ५.०३% | ६.१७% | ७.०८% |
| १२.बैधानिक तरलता अनुपात (SLR) | १३.४८% | १६.३१% | २१.४८% |
| १३.पूँजीकोष अनुपात (CAR) | १८.३२% | १९.८२% | २०.८८% |

**(ख) अनुमानित वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि खुद बाँकी हुने सम्पत्ति (नेटवर्थ) देहाय बमोजिम रहेको छ ।**

| विवरण | वास्तविक (रु. हजारमा) | | | | प्रक्षेपित(रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०६९/०७० | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | *आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ |
| चुक्ता पुंजी | १६५,००० | २५९,१२३ | ३६९,२९९ | ३६९,२९९ | ७७५,५२८ | ८६८,५९१ | ८६८,५९१ |
| जगेडा तथा कोषहरु | २९,१७९ | ३२,७८४ | ८०,७०४ | २७४,७३७ | १६९,४४२ | २७२,८६३ | ४७५,३४४ |
| **कुल** | **१९४,१७९** | **२९१,९०७** | **४५०००३** | **६४४,०३६** | **९४४,९७०** | **१,१४१,४५४** | **१,३४३,९३५** |
| घटाउने : अपलेखन गर्न बाँकी खर्च | - | (१,७५६) | (८१२) | - | - | - | - |
| **कुल नेटवर्थ** | **१९४,१७९** | **२९०,१५१** | **४४९,१९१** | **६४४,०३६** | **९४४,९७०** | **१,१४१,४५४** | **१,३४३,९३५** |
| सेयर संख्या (हजारमा) | १,६५० | २,५९१ | ३,६९३ | ३,६९३ | ७,७५५ | ८,६८६ | ८,६८६ |
| प्रति सेयर नेटवर्थ (रु.) | ११७.६८ | १११.९७ | १२१.६३ | १७४.३९ | १२१.८५ | १३१.४१ | १५४.७२ |
| प्रति सेयर चुक्ता पुंजी | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| नेटवर्थमा औसत प्रतिफल | १.५७% | २५.६९% | १८.४४% | २१.५२% | १२.३१% | १७.२१ | १५.०७ |
| निष्काशन पूर्वको प्रति सेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | | | | **२३.५५%** | | |

माथि उल्लेखित आर्थिक तथा वित्तीय प्रक्षेपण र विश्लेषण विगत वर्षको कारोबारहरुको आधारमा निष्काशनकर्ता वित्तीय संस्था आफैले तयार पारेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थपरक भएको व्यहोरा प्रमाणित गर्ने विशेषज्ञमा चार्टर्ड एकाउण्टेण्ट संस्था श्रेष्ठ एस् एण्ड एशोसिएट्स, नयाँ वानेश्वर, काठमाण्डौं रहेको छ ।

**१७) संगठित संस्थाको पछिल्लो बर्षको लेखापरीक्षण भएको वासलात र नाफा नोक्सान हिसाबको विवरण :**

**२०७२ साल आषाढ मसान्त सम्मको वासलात**

| पूँजी तथा दायित्व | रकम (रु.हजारमा) |
|---|---|
| १.सेयर पूँजी | ३६९,२९९ |
| २.जगेडा तथा कोषहरु | ८०,७०४ |
| ३.ऋणपत्र तथा बण्ड | - |
| ४.तिर्न बाँकी कर्जा सापट | - |
| ५.निक्षेप दायित्व | २,४७७,७४२ |
| ६.भुक्तानी दिनु पर्ने बिलहरु | ७९४ |
| ७.प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | - |
| ८.आयकर दायित्व | - |
| ९.अन्य दायित्व | १००,११३ |
| **कूल पूँजी तथा दायित्व** | **३,०२८,६५१** |

| सम्पत्ति | रकम (रु.हजारमा) |
|---|---|
| १.नगद मौज्दात | २३,००६ |
| २.नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ८०,७८२ |
| ३.बैक/बित्तीय संस्थामा रहेको मौज्दात | ३३,३७३ |
| ४.माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ५५८,६८० |
| ५.लगानी | २४९,५७८ |
| ६.कर्जा सापट तथा बिल खरिद | १,९८६,०२६ |
| ७.स्थिर सम्पत्ति | २०,९०६ |
| ८.गैर बैंकिंङ्ग सम्पत्ति | - |
| ९.अन्य सम्पत्ति | ७६,३०० |
| **कूल सम्पत्ति** | **३,०२८,६५१** |

**२०७१ श्रावण १ गते देखि २०७२ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब**

| विवरण | रकम (रु.हजारमा) |
|---|---|
| १. व्याज आम्दानी | २७६,७९९ |
| २. व्याज खर्च | १५६,८४३ |
| **खुद ब्याज आम्दानी** | **११९,९५७** |
| ३. कमिशन तथा डिस्काउण्ट | १,१७२ |
| ४. अन्य संचालन आम्दानी | १८,९२५ |
| ५. सटही घटबढ आम्दानी | - |
| **कुल संचालन आम्दानी** | **१४०,०५४** |
| ६. कर्मचारी खर्च | २६,७४३ |
| ७. अन्य संचालन खर्च | २२,८५२ |
| ८. सटही घटबढ नोक्सान | - |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | **९०,४५९** |
| ९.सम्भावित नोक्सानी व्यवस्थाहरु | १५,१५४ |
| **संचालन मुनाफा/(नोक्सान)** | **७५,३०५** |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | ३,३०६ |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | ४६,२९१ |
| **नियमित कारोबारबाट भएको मुनाफा** | **१२४,९०२** |
| १२.असामान्य कारोबारबाट भएको मुनाफा/(खर्च) | ४,३०९ |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | - |
| **सम्पूर्ण कारोबार समावेश पछिको खुद नाफा** | **१२९,२११** |
| १३.कर्मचारी बोनस व्यवस्था | ११,७४६ |
| १४.आयकर ब्यबस्था | ३४,६५० |
| यस वर्षको | २५,०३१ |
| गत वर्षको | १,३१३ |
| पर सारिएको आयकर आम्दानी/(खर्च) | ८,३०६ |
| **खुद मुनाफा/(नोक्सान)** | **८२,८१५** |
| सेयर संख्या (हजारमा) | ३१८७.७३ |
| प्रति सेयर आम्दानी (रु.) | **२५.९८** |

१८) **आर्थिक वर्ष समाप्त भए पछि हकप्रद सेयर निष्काशन सम्बन्धी ब्यवस्था र विवरणहरु पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश गरेको मिति सम्ममा वासलातको मिति पछिको घटना बारेमा छुट्टै जानकारी विवरणमा समावेश गर्नु पर्ने :** लागु नहुने ।

१९) **धितोपत्र निष्काशन खुल्ला हुनु पूर्व स्वीकृत भएको हकप्रद सेयर निष्काशन सम्बन्धी ब्यवस्था तथा विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन ब्यबस्था, निर्देशन वा अन्य कुनै कारणबाट ब्यवसाय सञ्चालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो परिवर्तित विवरण समावेश गरी आवश्यक सुधार एवं संशोधन गर्नु पर्नेछ र त्यस्तो संशोधित हकप्रद सेयर निष्काशन सम्बन्धी ब्यवस्था तथा विवरणहरु बोर्डबाट स्वीकृत गरेर मात्र निष्काशन सम्बन्धी कार्य शुरु गर्नु पर्नेछ :**

धितोपत्र निष्काशन खुल्ला हुनुपूर्व स्वीकृत भएको हकप्रद सेयर निष्काशन सम्बन्धी व्यवस्था र अन्य कुनै कारणबाट व्यवसाय संचालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो परिवर्तित विवरण समावेश गरी आवश्यक सुधार एवं संशोधन गरी संशोधित हकप्रद सेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु बोर्डबाट स्वीकृत गरेर मात्र निष्काशन सम्बन्धी कार्य शुरु गरिनेछ ।

२०) **संगठित संस्थाले गर्ने भनिएको काममा निहित संभावित जोखिमहरु :**

क) विद्यमान बैंक तथा वित्तीय संस्थाहरु र नयाँ बैंक/वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।

ख) वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।

ग) देशको वित्तीय नीति, मौद्रिक नीति र बैंक तथा वित्तीय संस्था सम्बन्धी नीतिमा नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकबाट हुने परिवर्तनबाट श्रृजित हुन सक्ने जोखिमहरु ।

घ) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।

ङ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।

छ) निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तन तथा यथा-समयमा कर्जा असुली नभई उत्पन्न हुनसक्ने आर्थिक जोखिमहरु ।

ज) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनैतिक परिस्थिति तथा आर्थिक मन्दीबाट पर्न सक्ने जोखिमहरु ।

यस वित्तीय संस्थाको सञ्चालनको इतिहास ११ (एघार) वर्षको रहेकोछ । वित्तीय संस्थाको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्था जस्ता कोषहरु रहेका छन् । यस वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा आवश्यक ध्यान पुर्‍याएको छ । यस बाहेकका व्यावसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी हुन नदिन सक्षम तथा प्रतिबद्ध छ ।

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :** रु.१००/-प्रति सेयरका दरले निष्काशन गरिएको सेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोबार मूल्य नजनाउने भएकोले सेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

२१) **सेयर बाँडफाँट सम्बन्धी व्यवस्था :**

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण सेयर प्रचलित "धितोपत्र निष्काशन निर्देशिका, २०६५" ले निर्धारित गरेको समयभित्र वित्तीय संस्थाको संचालक समितिले हकप्रद सेयरको बाँडफाँट गरी हकप्रद सेयरको प्रमाणपत्र वितरण गर्न राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

२२) **संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :**

कार्यालय समयभित्र निम्न लिखित स्थानहरुमा सम्पर्क राखी वित्तीय संस्थाको प्रबन्धपत्र, नियमावली, वासलात, नाफा–नोक्सानको विवरण निरीक्षण गर्न सकिनेछ :

क) वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, वडा नं.२०, मानभवन, ललितपुर ।

ख) धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक : एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाडौं ।

२३) **सेयर सूचिकरण गराउने सम्बन्धी व्यवस्था :**

यस विवरण अनुसार साविक सेयरधनीहरुलाई जारी गरिएका हकप्रद साधारण सेयरहरु बाँडफाँट गरे पश्चात् नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन निर्देशिका, २०६५" मा भएको व्यवस्था अनुसार हकप्रद सेयरको प्रमाणपत्र वितरण गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरवारप्लाजा, काठमाण्डौंमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्थामा भएको प्रावधान अनुसार सूचिकरण गरी हकप्रद सेयरको खरिद बिक्रीको व्यवस्था मिलाइनेछ । साथै नेपाल धितोपत्र बोर्डमा दर्ता भएको धितोपत्र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा समेत दर्ता गरिनेछ ।

२४) **संगठित संस्थाको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :**

वित्तीय संस्थाको कारोबारमा असर पर्ने कुनै विवाद मुद्दा मामिला छैन ।

२५) **हकप्रद सेयर खरिद गर्न चाहने सेयरधनीहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

१) हकप्रद सेयर खरिद गर्नका लागि हकप्रद सेयरको निष्काशन पूर्व वित्तीय संस्थाले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति सम्ममा सेयर खरिद गरी कायम भएका साविक सेयरधनीहरुले मात्र हकप्रद सेयर खरिद गर्न आवेदन दिन पाउने छन् ।

२) हकप्रद सेयर खरिद गर्नका लागि आवेदन दिँदा आफ्नो नाममा दर्ता रहेको सेयर संख्या, सेयर प्रमाणपत्र नम्बर, सेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद सेयर संख्या समेत खोली वित्तीय संस्थाद्वारा तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

३) आवेदन फाराम अंग्रेजी तथा नेपाली दुवै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।

४) हकप्रद सेयरका लागि आवेदन दिँदा आफूले लिन चाहेको सेयर संख्या वापत प्रति सेयर रु.१००/–का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।

५) संयुक्त नाममा रहेका साविक सेयरधनीहरुले आवेदन दिँदा संयुक्त रुपमा नै हकप्रद सेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।

६) हकप्रद सेयर बाँडफाँट गर्दा जुन समूहको सेयरधनी हो, सो सेयरधनीलाई सोही समूहको सेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।

७) तोकिएको समयभित्र हकप्रद सेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ सेयर बापतको रकम दाखिल नगर्ने साविक सेयरधनीहरुले पछि हकप्रद सेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।

८) हकप्रद सेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा वित्तीय संस्थाको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

९) यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण सेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई नीजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने व्यबस्था गरिने हुँदा नीजहरुले सेयर खरिदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

१०) कुनै पनि सेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको सेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता सेयरधनीको सेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

**२६) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :**

वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा भएको ब्यबस्था अनुसार साविकका सेयरधनीहरुले आफ्नो हक आंशिक वा पूर्ण रुपमा अन्य व्यक्तिलाई हस्तान्तरण गर्न पाइनेछ । यसरी आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्न "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५" मा भएको देहायका ब्यबस्था अनुसार उक्त नियमावलीको अनुसूची–६ बमोजिमको ढाँचामा दरखास्त दिई आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ ।

(क) आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्न सक्ने भएको,

(ख) मनोनयन भै सेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने,

(ग) हकप्रद सेयर खरिद गर्ने हक अरुलाई मनोनित गर्ने सेयरवालाले अरु सेयरवालाको हक लिई मनोनित हुन नपाइने, तर आफ्नो पूरै हक उपभोग गर्नेले भने अरुको हक समेत मनोनितको रुपमा लिन सकिने,

(घ) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सिमा तोकेको अवस्थामा पहिले लिएको वा पछि ग्रहण गरिने सेयर समेत कूल सेयर संख्या सो सिमा ननाघ्ने गरी मात्र मनोनित हुनेले सेयरका लागि आवेदन गर्न सकिने,

(ङ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा संचालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गर्न सकिने र मनोनयन गरेपछि कम्पनीको सेयर स्वामित्वको संरचना र संचालक समितिको बनौटमा परिवर्तन हुने भएमा सम्बन्धित ऐन, नियमले तोकेको स्वामित्व सिमाभित्र रहने गरी परिवर्तन हुने व्यवस्था तथा मताधिकार सम्बन्धी स्पष्ट व्यवस्था भएको,

(च) प्रचलित कानून अनुरुप मनोनित हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य समेत नभएको,

(छ) हकप्रद सेयर विक्री खुल्ला भएको अवधिभित्र आफ्नो हक अरुलाई प्रयोग गर्न दिन व्यवस्था गरिएको,

**२७) संगठित संस्थाको लेखापरीक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय ब्यक्त गर्ने विशेषज्ञ, "हकप्रद सेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम, ठेगाना :**

क) वित्तीय संस्थाको दशौं बार्षिक सभाको निर्णय बमोजिम आ.ब.२०७२/०७३ को बाह्य लेखापरीक्षण कार्य गर्नको लागि एम.खनाल एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेन्ट्सका श्री महेश खनाल एफ.सि.ए., नयाँ बाटो, धोबिघाट, ललितपुरलाई नियुक्त गरिएको छ ।

ख) यस वित्तीय संस्थाको कम्पनी सचिवमा वडा नं. १४, खुमलटार, ललितपुर निवासी श्री अशोक बुढाथोकी कार्यरत हुनु हुन्छ ।

ग) वित्तीय संस्थाको वित्तीय विवरण प्रक्षेपण विगत वर्षहरुको कारोबारको आधारमा निष्काशनकर्ता वित्तीय संस्था आफैले तयार गरेको हो । उक्त वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता वित्तीय संस्थाको हालको दक्षता र निष्काशनकर्ता वित्तीय संस्थाले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विशेषज्ञमा चार्टर्ड एकाउण्टेण्ट संस्था श्रेष्ठ एस् एण्ड एशोसिएट्स, नयाँ वानेश्वर, काठमाण्डौं रहेको छ ।

घ) यस "हकप्रद सेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" व्यावसायिक संस्था श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंले तयार गरेको हो ।

ङ) यस हकप्रद सेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौं रहेकोछ ।

**२८) हकप्रद सेयर जारी गर्नुको उद्देश्य :**

१) नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कायम हुनु पर्ने पूँजीकोषको अनुपात कायम गर्नको लागि हकप्रद सेयर निष्काशन गरी पूँजी संकलन गर्न ।

२) वित्तीय संस्थाको पूँजीगत योजना बमोजिमको पूँजी पुर्‍याउने उद्देश्य अनुरुप मिति २०७३/३/३ गते सम्पन्न दशौं बार्षिक साधारण सभाबाट दश सेयर बराबर आठ सेयर (१० : ८) को अनुपातमा हकप्रद सेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न ।

३) वित्तीय संस्थाले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।

४) वित्तीय संस्थाको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि वित्तीय संस्थाको शाखा विस्तार गरी कारोबार वृद्धि गर्न आवश्यक पूँजी जुटाउन र

५) वित्तीय संस्थाको निक्षेपकर्ताहरुको हितको संरक्षणलाई सर्वोपरी राख्नको लागि वित्तीय संस्थाको पूँजी आधारलाई मजबुत तुल्याइ राख्न ।

**२९) निष्काशनबाट प्राप्त हुने कुल रकम सम्बन्धमा वित्तीय रूपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :**

यस "हकप्रद सेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरण अनुसार हकप्रद सेयर जारी गरी प्राप्त हुने पूँजी वित्तीय संस्थाबाट देहाय बमोजिम उपयोग गरिने योजना रहेको छ ।

| क्र.सं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १. | तरलता कायम गर्न नेपाल राष्ट्र बैंक लगायत बैंक तथा वित्तिय संस्थामा कायम गरिने मौज्दात | २,९५,४३,९००/– |
| २. | कर्जा तथा लगानी प्रवाह | २३,६३,५१,२००/– |
| ३. | शाखा विस्तार | २,९५,४३,८००/– |
| | **जम्मा** | **करिब रु.२९,५४,३८,९००/–** |

**३०) हकप्रद सेयर बिक्री खुल्ला अवधि :**

हकप्रद सेयरको लागि दरखास्त लिने कार्य कम्तिमा ३५ (पैंतिस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद सेयरको लागि आवेदन नपरेमा नेपाल धितोपत्र बोर्डको "धितोपत्र निष्काशन निर्देशिका, २०६५" को अधिनमा रही आवेदन खुल्ला भएको मितिले बढीमा ६० (साठी) दिन सम्मका लागि खुल्ला राख्न सकिनेछ ।

**३१) हकप्रद सेयर खरिदका लागि दरखास्त पाईने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद सेयर खरिदका लागि तयार गरिएको "हकप्रद सेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

१. श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौं ।

२. श्री सगरमाथा फाइनान्स लि., केन्द्रिय कार्यालय, वडा नं. २०, मानभवन, ललितपुर तथा वित्तीय संस्थाको शाखा कार्यालयहरु:

| शाखा कार्यालय | ठेगाना |
|---|---|
| गाःबहाल शाखा | वडा नं. ३, गाःबहाल, ललितपुर |
| बिर्तामोड शाखा | भद्रपुर रोड, वडा नं. ४, बिर्तामोड, झापा |
| दमक शाखा | दमक चोक, वडा नं. १३, दमक, झापा |
| इटहरी शाखा | धरान रोड, वडा नं. ९, इटहरी, सुनसरी |
| धरान शाखा | भानु चोक, वडा नं. ६, धरान, सुनसरी |
| विराटनगर शाखा | महेन्द्र चोक, वडा नं. १४, विराटनगर, मोरङ |
| सल्लेरी शाखा | वडा नं. ५, सल्लेरी, सोलुखुम्बु |
| ओखलढुङ्गा शाखा | वडा नं. ५, सिद्दिचरण, ओखलढुङ्गा |
| खोटाङ्ग शाखा | वडा नं. २, दिक्तेल, खोटाङ्ग |
| भोजपुर शाखा | वडा नं. ७, भोजपर बजार, भोजपुर |

उपरोक्त स्थानहरुको अलावा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकद्वारा अन्य माध्यम मार्फत् सूचित गरिने संकलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त संकलन केन्द्रहरुबाट आवेदन फाराम तथा "हकप्रद सेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न र आवेदन फाराम साथ सेयर रकम जम्मा गर्ने व्यवस्था गरिनेछ । हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा सेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा एनआईबिएल क्यापिटल मार्केट्स लि.को नाममा खिचिएको एकाउण्टपेयी **(A/c Payee)** ड्राफ्टका साथ सेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौंमा पठाएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । शेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँडमा समावेश गरिने छैन । हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम धितोपत्र निष्काशन तथा विकी प्रवन्धक श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको वेवसाइट www.niblcapital.com र श्री सगरमाथा फाइनान्स लि. को वेवसाइट www.smb.com.np बाट समेत डाउनलोड गरी भरेर पठाउन सकिनेछ ।

**३२) निष्काशन बैंक (Banker to the Issue) को नाम तथा ठेगाना :**

| सि.नं. | बैंकको नाम, ठेगाना |
|---|---|
| १. | श्री नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड, दरवारमार्ग, काठमाण्डौं । |
| २. | श्री कुमारी बैंक लिमिटेड, पुतलीसडक, काठमाण्डौं । |

**३३) आफ्नो व्यवसायसँग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन, तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण :**

वित्तीय संस्थाले गर्ने व्यवसायसँग सम्वन्धित ऐन, नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरिएको छ र सोही दायराभित्र रही आफ्नो कारोबार गर्दै आइरहेको छ । साथै यस वित्तीय संस्थाको संचालकहरु एवं संस्थापकहरु कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ तथा अन्य प्रचलित नेपाल कानूनमा भएको व्यबस्था अनुसार कालोसूचीमा समावेश नरहनुका साथै योग्य रहेको उद्घोषण वित्तीय संस्थाको रहेको छ ।

साथै नेपाल राष्ट्र बैंकले इजाजतपत्र प्राप्त संस्थाहरुलाई २०७४ आषाढ मसान्त भित्र न्यूनतम पूँजी बृद्धि गरी सक्नु पर्ने गरी निर्देशन दिएको सन्दर्भमा यस वित्तीय संस्थाले देहायको शर्तहरु पूरा गरेको हुँदा यस विवरण मार्फत निष्काशन गरिने धितोपत्रहरु क्रेडिट रेटिङ्ग गर्न नपर्ने स्वघोषणाः वित्तीय संस्थाको रहेको छ ।

१. अंकित मूल्यमा हकप्रद सेयर निष्काशन गरिएको ।
२. प्रति सेयर नेटवर्थ रु.१००/– भन्दा बढी भएको ।
३. अंकित मूल्य भन्दा बजार मूल्य बढि भएको ।
४. विगत ५ बर्ष देखि संचालनमा रही कम्तिमा ३ बर्ष नाफामा संचालनमा रहेको र संचित नोक्सान नभएको ।
५. NPA (Non Performing Asset) नेपाल राष्ट्र बैंकले तोकिएको सीमा भित्र भएको ।
६. पूँजी बृद्धि गरिएको सम्बन्धमा प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको ।

**३४)पछिल्लो ३ बर्षको बार्षिक तथा पछिल्लो ३ महिनाको मासिक कारोबारको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

| आर्थिक बर्ष | अधिकतम सेयर मुल्य (रू.) | न्युनतम सेयर मुल्य (रू.) | अन्तिम बजार मुल्य (रू.) | सेयर कारोबार संख्या |
|---|---|---|---|---|
| ०७०/०७१ | १९४ | १२२ | १८३ | ८२४ |
| ०७१/०७२ | मर्जर प्रक्रियामा रहेकोले कारोबार बन्द रहेको | | | |
| ०७२/०७३ | ४८० | १६६ | ४८० | २४८७ |

| महिना | अधिकतम सेयर मुल्य (रू.) | न्युनतम सेयर मुल्य (रू.) | अन्तिम बजार मुल्य (रू.) | सेयर कारोबार संख्या |
|---|---|---|---|---|
| २०७३ आषाढ | ४८० | ३८० | ४८० | ४८९ |
| २०७३ श्रावण | ६२० | ४७६ | ५३५ | ९५६ |
| २०७३ भाद्र | ६०३ | ४९७ | ५३४ | ३८४ |

**द्रष्टव्य** :यस वित्तीय संस्थाको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

**३५) यस "हकप्रद सेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, त्यसमा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सहि छाप गर्ने संचालकहरुको नाम, दस्तखत ।**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री मदन कुमार राई | अध्यक्ष | |
| २. | श्री शरणदेव राई | संचालक | |
| ३. | श्री रुद्र बहादुर राई | संचालक | |
| ४. | श्री दिनेश राई | संचालक | |
| ५. | श्री माओ राई किरात | संचालक | |
| ६. | श्री नानीबाबा रिसाल | संचालक | |
| ७. | श्री मनि राजकर्णिकार | संचालक | |

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको "हकप्रद सेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडी सो को एक प्रति (Sort Copy) नेपाल धितोपत्र बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।

final